मिति : २०८२/०९/०२, कार्य बैठक संख्या: १०-०८२/८३

**बैठक नं. [illegible]**

आज मिति २०८२ साल पौष २ गते बुधबार (ने.सं. ११४६, थिंलागा, त्रयोदशी) कञ्चन गाउँपालिकाको गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री नवराज ढकालज्यूको अध्यक्षता र तपसिलमा उल्लिखित कार्यपालिका सदस्यहरूको उपस्थितिमा देहायका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गर्नका लागि बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो।

समयः विहानको ठिक ८:०० बजे।

स्थानः कञ्चन गाउँपालिकाको कार्यालय, बेउरी, रुपन्देही ।

**उपस्थितिः**

| क्र.स. | हस्ताक्षर | नाम, थर | पद |
|---|---|---|---|
| १ | | श्री नवराज ढकाल | अध्यक्ष |
| २ | | श्री मौसमी थापा मगर | उपाध्यक्ष |
| ३ | | श्री हरिनारायण थारु | कार्यपालिका सदस्य |
| ४ | | श्री टेक बहादुर गुरुङ | कार्यपालिका सदस्य |
| ५ | | श्री टिकाराम सापकोटा | कार्यपालिका सदस्य |
| ६ | | श्री केशर बहादुर खत्री | कार्यपालिका सदस्य |
| ७ | | श्री कुल प्रसाद पौडेल | कार्यपालिका सदस्य |
| ८ | | श्री रन्जना थारू | कार्यपालिका सदस्य |
| ९ | | श्री सुकमयाँ दर्जी | कार्यपालिका सदस्य |
| १० | | श्री खगिसरा शर्मा | कार्यपालिका सदस्य |
| ११ | | श्री शुशीला थापा | कार्यपालिका सदस्य |
| १२ | | श्री कुमारी घर्ती मगर | कार्यपालिका सदस्य |
| १३ | | श्री चित्रलाल तुलाचन | कार्यपालिका सदस्य |
| १४ | | श्री माधव प्रसाद पोखेल | सचिव |

**सहयोगीहरुः**

| | | | |
|---|---|---|---|
| १५ | | श्री रमेश भुसाल | शाखा अधिकृत |
| १६ | | श्री गिरीराज अर्याल | प्रशासकीय अधिकृत |
| १७ | | श्री लक्ष्मण भण्डारी | सहायक आलेप अधिकृत |
| १८ | | श्री धनपति ज्ञवाली | सचिवालय |
| १९ | | श्री विनु तरामु | कार्यालय सहयोगी |

मिति : २०८२/०९/०२, का.पा.बैठक संख्याः १०-०८२/८३

**प्रस्तावहरु**

१०.१ विज्ञापन प्रकाशन गर्ने सम्बन्धमा,

१०.२ ज्यालादारीमा नियुक्ति सम्बन्धमा,

१०.३ सडक मर्मत तथा नयाँ निर्माण योजना छनौट सम्बन्धमा,

१०.४ कञ्चन सिँचाई आयोजनाको IEE निर्माण सम्बन्धमा,

१०.५ शान्तिनगर देखि सुकेताल-मटेरिया-कटुवा समयमाई जोड्ने सडक ( ठे.नं. KRM/WORK/NCB01-082/83) को अपुग रकम व्यवस्थापन सम्बन्धमा,

१०.६ प्रथम चौमासिक प्रगति समिक्षाको प्रतिवेदन सम्बन्धमा,

१०.७ कार्यविधि संशोधन सम्वन्धमा,

१०.८ गाउँसभाको अधिवेशन तयारी सम्बन्धमा

१०.९, गाउँसभाको अधिवेशन आव्हान सम्बन्धमा,

१०.१० विद्यालय भौतिक पुर्वधार निर्माण अनुदान सम्बन्धमा,

१०.११ विविध,

**निर्णयहरू**

**१०.१. विज्ञापन प्रकाशन गर्ने सम्बन्धमा,**

वार्षिक गाउँविकास योजनाको पृष्ठ नं.१३५ क्र.सं.८३ मा म स्वस्थ्य मेरो समुदाय स्वस्थ्य घरटोलमा स्वस्थ्य प्रवर्धन कार्यक्रम (नेपाल सरकार -शसर्त अनुदान चालु) तर्फ रु ४,६०,०००/-(अक्षरेपी चार लाख साठी हजार मात्र/-) विनियोजन भई आएको
आर्थिक वर्ष २०८२/८३ मा स्थानीय तहबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु सञ्चालन सम्बन्धी मार्गदर्शनले निर्धारण गरे बमोजिम कार्यविवरण, सेवा, शर्त र सुविधा रहने गरी देहाय बमोजिम सेवा करारमा नियुक्तिका लागि विज्ञापन प्रकाशन गर्नेः

**देहायः**

| | |
|---|---|
| पदः- जनस्वास्थ्य अधिकृत | तहः अधिकृत सातौ |
| सेवाः नेपाल स्वास्थ्य | समुहः हेल्थ इन्सपेक्सन |
| संख्याः१ (एक) | अवधिः२०८३ साल असार मसान्त सम्म |

**१०.२ ज्यालादारीमा नियुक्ति सम्बन्धमा,**

क. हलुका सवारी चालक

काठमाण्डौ महानगरपालिकाबाट कञ्चन गाउँपालिका अन्तर्गत रुद्रपुर स्वास्थ्य चौकीका लागि एम्बुलेन्स प्राप्त भएकोमा काठमाण्डौ महानगरपालिकालाई धन्यवाद ज्ञापन गर्ने र कार्यालयमा मौजुदा रहेका हलुका सवारी चालकबाट उक्त एम्बुलेन्स सञ्चालन गर्न कार्यलयको कार्य बोझ र कार्य प्रकृतिका कारण सम्भव नभएको हुँदा गाउँपालिका अध्यक्षले प्रयोग गर्दै आएको (सवारी नं. BAA ०९२८) आएका श्री दिपक

नवराज ढकाल
गा. पा. अध्यक्ष

बहादुर थापालाई रुद्रपुर स्वास्थ्य चौकीको एम्बुलेन्स सञ्चालनका लागि खटाउने व्यवस्था मिलाउने र गाउँपालिका अध्यक्षले प्रयोग सवारी सञ्चालनका लागि दैनिक ज्यालादारीमा चन्द्रकोट गाउँपालिका वडा नं.७ रुपाकोट निवासी श्री विष्णु बहादुर थापा (ना.प्र.प.नं. ९२७,गुल्मी) लाई मिति २०८२ साल मंसिर १४ गते देखि लागु हुने गरी दैनिक ज्यालादारीमा नियुक्ती गर्ने ।

ख.अभ्यङ्गकर्ता नियुक्ति सम्वन्धमा

वार्षिक गाउँविकास योजनाको पृष्ठ नं. ७४ क्र.सं.४२ मा अभ्यङ्गकर्ता पारिश्रमिक (ज्यालादारी) शिर्षकमा विनियोजित रु १५००००/-(अक्षरेपी एक लाख पचास हजार मात्र/-) कार्यान्वयनका लागि रुद्रपुर आयुर्वेदिक औषधालय व्यवस्थापन समितिलाई आवश्यक प्रकृया पुरा गरी नियुक्ति गर्नका लागि अनुमति दिने ।

१०.३ निर्मित सडकहरु मर्मत तथा नयाँ सडक कालोपत्रे सम्बन्धमा,

वार्षिक गाउँविकास योजनाको पृष्ठ नं.९९ क्र.सं.२१९ मा निर्मित सडकहरु मर्मत तथा नयाँ सडक कालोपत्रे सम्बन्धमा (नेपाल सरकार -समानिकरण अनुदान) शिर्षक तर्फ रु २,५०,००,०००/-(अक्षरेपी दुई करोड पचास लाख मात्र/-) विनियोजन भएकोमा पुर्वाधार विकास शाखावाट प्राप्त लागत अनुमान अनुसार उक्त योजना पुरा गर्नका लागि रु ३,३८,८८,३०१.११/- लागत लाग्ने भनी पेश भएको अपुग हुने रकम रु ८८८८३०१.११ आगामी हिउँदे गाउँसभावाट श्रोत सुनिश्चितता हुने गरी ठेक्का प्रकृयाका लागि पुर्वाधार विकास शाखालाई अनुमति दिने साथै कञ्चन गाउँपालिका अन्तर्गतका देहायका योजनाहरु कार्यान्वयन गर्ने ।

देहाय:

क. खानेपानी टंकी देखि तुल्सीघाट जाने सडक वडा नं.४
ख. सुन्दरनगर भक्तवहादुरको घरदेखि चारकुने चोक हुदै चौधरी घोला सम्म वडा नं.१
ग. लौसा तालदेखि लिस्थोड प्रार्थना चर्च चोक सम्म वडा नं.१
घ. हनुमान नगर जाने बाटो देखि खगिसराको घरहुदै लुम्विनी रोड सम्म वडा नं.३
ङ. हनुमान नगर जाने बाटो देखि ताल हुदै प्रतापुर जाने बाटो सम्म वडा नं.३
च. रुद्रपुर मा.वि. पछाडीको सडक वडा नं.४
छ. सैनामैना देखि मन्दिर डाँडा कुचेरा हुदै अक्सफोर्ड स्कुल सम्म वडा नं.१
ज. वडा कार्यालय देखि कोठि सम्म वडा नं.५
झ. वगही चोक देखि बसन्तफुलवारी हुदै अक्सफोर्ड स्कुल सम्म वडा नं.२
ञ. धौलागिरी चोक देखि वुद्ध चोक सम्म वडा नं.३

१०.४ कञ्चन सिँचाई आयोजनाको IEE निर्माण सम्बन्धमा,

यस कञ्चन गाउँपालिका अन्तर्गत Kanchan Deep Tubewell Irrigation Project को detail survey, design, estimate and project Report तयार भई स्विकृत समेत भई सकेकको तथा संघिय सरकारबाट शसर्त अनुदान तर्फ कञ्चन सिचाई आयोजनाका लागि रु ५० लाख बजेट विनियोजन भई प्राप्त भएकाले

मिति : २०८२/०९/०२, का.पा. बैठक संख्या: १०-०८२/८३

उक्त योजना Kanchan Deep Tubewell Irrigation Project को रुपमा कार्यान्वयन गर्ने तथा नेपाल सरकार वातावरण संरक्षण नियमावली,२०७७ को नियम ३ को उपनियम १ बमोजिम उक्त नियमावलीको अनुसूचि-२ को खण्ड ३ को (क) मा तराई वा भित्री मधेशमा २०० देखि २००० हेक्टर सम्मको क्षेत्र सिँचाई गर्ने परियोजनाको हकमा प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने उल्लेख भएको तथा उक्त योजनाको detail survey, design, estimate and project Report मा प्रस्तावित परियोजनाबाट कञ्चन गाउँपालिकाको ४६९ हेक्टर जमिनमा सिँचाई हुने उल्लेख गरिएको उक्त सिँचाई आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण गर्ने कार्यको कार्य क्षेत्रगत शर्त (TOR) तयार गरी अगाडी बढाउने र सोको प्रतिवेदन प्राप्त भई सके पश्चात स्विकृत गरी संघिय सरकारबाट प्राप्त योजनाको ठेक्का प्रकृया अगाडी बढाउने । साथै प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारीका लागि रु ३ लाख मात्र/- गाउँपालिकाको गत आ.व. को नगद मौज्दात रकम (अल्या) स्रोतबाट भुक्तानी दिने व्यवस्था मिलाउने ।

**१०.५ शान्तिनगर देखि सुकेताल-मटेरिया-कटुवा समयमाई जोड्न सडक ( ठे.नं. KRM/WORK/NCB01-082/83) को अपुग रकम व्यवस्थापन सम्बन्धमा,**

आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रममा प्रदेश समपुरक अनुदान अन्तर्गत शान्तिनगर देखि सुकेताल मटेरिया हुँदै कटुवा समयमाई मन्दिरसम्म सडक कालोपत्रेका लागि जम्मा रू. ७० लाख १ हजार रकम विनियोजन भएकोमा उक्त योजनाको शान्तिनगर देखि सुकेताल मटेरिया चोकसम्म मात्रै योजना कार्यान्वयन गर्ने गरी सम्पन्न गर्नका लागि समेत रू. ९३ लाख १२ हजार बराबरको रकम आवश्यक पर्ने जानकारी पूर्वाधार विकास शाखाबाट प्राप्त भएको, उल्लिखित स्थान सम्म मात्रै सडक कालोपत्रे गर्ने गरी योजना सम्पन्न गर्नका लागि अपुग हुने रकम रू. २३ लाख ११ हजार रकम बराबरको सनुश्चितता १९ औं गाउँसभाबाट गर्ने गरी सोही बराबरको लागत अनुमान पेश गरी स्वीकृत पश्चात विद्युतीय बोलपत्र आव्हान गर्न पूर्वाधार विकास शाखालाई निर्देशन दिने भनि गाउँकार्यापालिकाको मिति २०८२-४-२९ गतेको निर्णय नं.३.२ बाट निर्णय भई आएकोमा,

उक्त योजनाको ठेक्का पश्चात सम्झौता रु ७३ लाख २६ हजार ८ सय सत्तरी रुपैया असी पैसामा आयोजना कार्यान्वयनका लागि सम्झौता भएको र कार्य सम्पन्न पश्चात पुर्वाधार विकास शाखाबाट तयार भई पेश भएको भुक्तानी बिलमा रु ७२ लाख ८८ हजार २९ रुपैया पचास पैसा मात्र /- उल्लेख भई भएकोमा निर्माण व्यवसायीलाई भुक्तानी दिनका लागि आवश्यक थप रकम रु २ लाख ८७ हजार २९ पैसा मात्र/ गाउँपालिकाको गत आ.व. को नगद मौज्दात रकम (अल्या) स्रोतबाट भुक्तानी दिने व्यवस्था मिलाउने ।

**१०.६ समिक्षा सम्बन्धमा,**

**क. प्रथम चौमासिक प्रगति समिक्षाः**

आ.व. २०८२/८३ को प्रथम चौमासिक अवधिमा भए गरेका कार्यहरुको बारेमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री माधव प्रसाद पोखेलबाट कार्यपालिकासमक्ष जानकारी भई सो सम्बन्धमा सम्पूर्ण कार्यपालिका सदस्यहरूबाट व्यापक रूपमा छलफल तथा समीक्षा भयो। कार्यान्वयनका क्रममा देखिएका समस्याहरूलाई क्रमशः सुधार गर्दै लैजाने ।

ख.कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वियन समीक्षा सम्बन्धमा:

यस चालु आ.व. २०८२/८३ को मंसिर मसान्तसम्म कार्यापालिका बैठकबाट भएका निर्णयहरूको कार्यान्वयनको अवस्था र प्रगति विवरण सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतबाट कार्यपालिकासमक्ष जानकारी भई सो सम्बन्धमा सम्पूर्ण कार्यपालिका सदस्यहरूबाट व्यापक रूपमा छलफल तथा समीक्षा भयो।

१०.७ कार्यविधि संशोधन सम्बन्धमा,

| सि.नं. | परिच्छेद | दफा | कार्यविधिको वर्तमान अवस्था | कार्यविधमा संशोधन प्रस्ताव | कारण तथा सुझाव |
|---|---|---|---|---|---|
| १. | | १ (क) | पशुपन्छी पालन तथा मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८० | | |
| | | | पशुपन्छी पालन तथा मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८० को पहिलो संशोधन गर्न वाञ्छनिय भएकाले नेपालको संविधानको धारा २२९(२) को अधिकार प्रयोग गरी देहायका अनुसूचि थप गरिएको | | |
| | | | १.संक्षिप्त नाम र प्रारम्भ: (क) यस कार्यविधिको नाम पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८० को दोस्रो संशोधन,२०८२ रहेको छ । (ख) यो कार्यविधि राजपत्रमा प्रकाशन भए पछि लागु हुनेछ । | | |

नवराज ढकाल
गा. पा. अध्यक्ष

मिति : २०८२/०९/०२, का.पा.बैठक संख्या: १०-०८२/८३

<table>
<tr>
<td>२.</td>
<td>२</td>
<td>३.</td>
<td>

**क) व्यवसायिक पशुपंक्षी तथा मत्स्य फार्मको वर्गीकरण:**

कञ्चन गाउँपालिका पशु सेवा शाखा रुपन्देहीले गाउँपालिका भित्रका व्यवसायिक पशुपंक्षी तथा मत्स्य फार्महरूलाई देहाय बमोजिमका वर्गीकरण गरिएकोछ।

**१)व्यवसायिक गाई फार्म:**

<table>
<tr><th>सि.नं.</th><th>फार्मको वर्गिकरण</th><th>माउ गाई संख्या</th></tr>
<tr><td>१</td><td>साना फार्म</td><td>५ देखि १० वटा</td></tr>
<tr><td>२</td><td>मझौला फार्म</td><td>११ देखि ३० वटा</td></tr>
<tr><td>३</td><td>ठुला फार्म</td><td>३१ देखि माथि</td></tr>
</table>

**२)व्यवसायिक भैंसी फार्म:**

<table>
<tr><th>सि.नं.</th><th>फार्मको वर्गिकरण</th><th>माउ भैंसी संख्या</th></tr>
<tr><td>१</td><td>साना फार्म</td><td>५ देखि १० वटा</td></tr>
<tr><td>२</td><td>मझौला फार्म</td><td>११ देखि ३०वटा</td></tr>
<tr><td>३</td><td>ठुला फार्म</td><td>३१ देखि माथि</td></tr>
</table>

</td>
<td>माथि १ र २ मा जुनसुकै कुरा उल्लेख गरिएको भएता पनि फार्म दर्ता नविकरणका लागि गाई र भैसीको संख्या कम्तिमा पाँच माउ गाई/भैसी भएमा पशुपालन फार्म दर्ता नविकरण गर्नका लागि बाधा पारेको मानिनेछैन ।</td>
<td></td>
</tr>
</table>

**१०. ८ गाउँसभाको अधिवेशन तयारी सम्बन्धमा**

- हालसम्म कार्यान्वयन नभएका र संशोधन गर्नुपर्ने योजना तथा कार्यक्रमहरू भएमा सो को विवरण तयार गरी वडा-समितिको निर्णयबाट स्वीकृत गराई मिति २०८२ पुष ९ गतेभित्र उक्त विवरणहरू पठाउने ।
- चालु आ.व. भित्र कार्यान्वयन गर्ने गरी विनियोजन भएका शाखागत योजनाहरू समेत संशोधन, रकमान्तर गर्न आवश्यक भए शाखाले सम्बन्धित विषयगत समितिमा निर्णय गराई २०८२ पुष ९ सम्म पेश गर्ने ।

**१०.९. गाउँसभाको अधिवेशन आव्हान सम्बन्धमा**

गाउँसभाको १९ औं अधिवेशनको पहिलो बैठक देहाय बमोजिमको मिति र स्थानमा बस्ने गरी आव्हान गर्ने-

मिति : २०८२ पौष १४ गते

समय: बिहान ठिक११.०० बजे

स्थान : कञ्चन गाउँपालिकाको सभाहल

मिति : २०८२/०९/०२, का.पा बैठक संख्या ...२०८२/८३

## १०.१० विद्यालय भौतिक पुर्वधार निर्माण अनुदान सम्बन्धमा

चालु आ.व.२०८२/०८३ को विद्यालय शिक्षा क्षेत्र योजना अन्तर्गतको स्वीकृत कार्यक्रम अनुसार कञ्चन गाउँपालिकामा वित्तीय हस्तानान्तरण भई आएको निर्मित गुरुयोजनाका आधारमा स्थानीय तहको साझेदारीमा विद्यालय भौतिक निर्माण पुर्वाधार अनुदान कार्यक्रम (अनुदान रकम रु.५५,००,०००/-) कार्यान्वयनको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत आ.व.२०८२/०८३ को कार्यक्रम कार्यान्वयन कार्यविधीमा उल्लेख भएको कार्यान्वयन प्रक्रियाका आधारमा कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०८२/०८/१५ को माननीय मन्त्रीस्तरिय निर्णय द्वारा स्वीकृत विद्यालय भौतिक पुर्वधार निर्माण गुरुयोजना, २०८२ मा संलग्न विद्यालयहरुमध्येबाट आवश्यकता र औचित्यताका तथा विश्लेषणबाट थप गर्नु पर्ने आवश्यक कोठा संख्याका आधारमा पहिलो प्राथिकतामा रहेको कञ्चन गाउँपालिका वडा नं. १ बेलभरिया अवस्थित प्रगति माध्यमिक विद्यालयमा चार कोठे भवन निर्माणको लागि कञ्चन गाउँपालिकामा प्राप्त बजेटमा रु.४५,००,०००/- थप गरी लागत साझेदारीमा विद्यालय भवन निर्माणको लागि छनोट गर्ने र थप स्रोतको सुनिश्चितता आगामी हिउँदे अधिवेशनको १९औ गाउँसभाबाट गर्ने निर्णय भयो ।

## १०.११ विविध

### १०.११.१ समान खरिद सम्बन्धमा

गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत एडभान्स व्युटीपार्लर तालिम सञ्चालनका लागि आ.व. २०८२/८३ का लागि वार्षिक गाउँविकास योजनाको पृष्ठ नं.१२६ क्र.सं.१९ मा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ बमोजिम उद्यमीको स्तरोन्नती ( आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम) (नेपाल सरकार -शसर्त अनुदान) शिर्षक तर्फ रु ८०,०००/-(अक्षरेपी असी हजार मात्र/-) विनियोजन भएकोमा उक्त शाखावाट आवश्कता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स व्युटी पार्लर सम्वन्धी कार्यक्रम सञ्चालनका लागि आवश्यक सामाग्रीको खरिद गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने र उक्त रकमबाट अपुग हुने भएकोले रु १ लाख थप गरी जम्मा रकम रु १ लाख ८० हजार बाट स्विकृत प्रस्तावना बमोजिम जिन्सी शाखालाई रु १ लाख बराबरको व्युटी पार्लर तालिम सञ्चालनका लागि आवश्यक समाग्री खरिद गर्नका निर्देशन दिने साथै उपयुक्त शिर्षकबाट भुक्तानीको व्यवस्था मिलाउन आर्थिक प्रशासन शाखालाई निर्देशन दिने ।

### १०.११.२. आर्थिक सहायता सम्बन्धमा,

कञ्चन गाउँपालिका वडा नं. ४ कार्यालयको च.नं. ११७६ मिति २०८२/०८/१४ गतेको पत्रानुसार गुरुङ समुदायको महत्वपूर्ण पर्व तमु ल्होसार विगत वर्षहरूमा जस्तै यस वर्ष पनि विविध कार्यक्रम सहित मनाउनका लागि आर्थिक सहायता उपलब्ध गराइदिनका लागि सिफारिस प्राप्त भएको तथा उक्त कार्यक्रमको प्रस्तावना समेत पेश गरेकोमा गाउँपालिकाबाट रू.५० हजार (अक्षरेपी पचास हजार मात्र/)

गाउँ विकास योजनाको पृष्ठ नं. ८७ क्र.सं. १४२ मा) खर्च शीर्षक (२५३१४) धार्मिक तथा सास्कृति संस्था सहायताबाट रकम बेहोर्ने गरी उक्त प्रस्तावना स्वीकृत गर्ने ।

**१०.११.३ अदालतको निर्णय कार्यान्वयन सम्वन्धमा,**

उच्च अदालत तुल्सीपुर बुटवल इजलास, रुपन्देहीको च.नं.१६०० मिति २०८२/०८/१५ गतेको आदेश (फैसला) को जानकारी पठाइएको सम्वन्धी पत्र को बारेमा प्रमुख प्रशासकीय अधिकृतबाट कार्यपालिकासमक्ष जानकारी गराउनु भयो सो सम्वन्धमा सम्पूर्ण कार्यपालिका सदस्यहरूबाट व्यापक रूपमा छलफल तथा कार्यान्वयनका लागि पहल गर्ने निर्णय भयो ।

**१०.११.४ क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन सम्वन्धमा,**

स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुरको सहकार्यमा स्थानीय तहका महिला जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि स्थानीय सरकार सञ्चालन, नेतृव विकास र क्षमता विकास सम्वन्धी कार्यक्रम सञ्चालनका लागि स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान र गाउँपालिकाको साझेदारीमा गाउँविकास योजनाको पृष्ठ नं. ७५ क्र.सं. ५२ मा जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि क्षमता अभिवृद्धि तालिम शिर्षकमा विनियोजित बजेट रकमबाट रु १ लाख सम्म गाउँपालिकाले रकम बेहोर्ने गरी कार्यक्रम सञ्चालन गर्ने ।

<u>अन्त्यमा,</u> गाउँपालिका अध्यक्ष श्री नवराज ढकालबाट दशौ कार्यपालिकाको बैठकमा उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै आजको कार्यपालिकाको बैठक अन्त्य भएको घोषणा गर्नु भयो।

नवराज ढकाल
गा. पा. अध्यक्ष

कञ्चन गाउँपालिका